# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर, नेपाल

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फ अधिकृतस्तर नवौं तहका पदहरूको आन्तरिक अन्तर सेवा प्रतियोगिता, अन्तर तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३३/२०८१-०८२, मिति २०८१/५/३१ गते सोमबार**

प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (आन्तरिक अन्तर सेवा, अन्तर स्थानीय तह, खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनु पर्नेछ। सेवाका शर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

क. प्राविधिक तर्फ

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ९००१/०८१-८२ | आन्तरिक अन्तर सेवा | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/हाइवे | १ |
| २ | ९००२/०८१-८२ | खुला | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/हाइवे | १ |
| ३ | ९००३/०८१-८२ | आन्तरिक अन्तर सेवा | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/स्यानिटरी | १ |
| ४ | ९००४/०८१-८२ | खुला | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/स्यानिटरी | १ |
| ५ | ९००५/०८१-८२ | आन्तरिक अन्तर सेवा | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | २ |
| ६ | ९००६/०८१-८२ | खुला | सि.डि.इ. | ९ | प्रदेश इन्जि./सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | १ |
| ७ | ९००७/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ कृषि अर्थविज्ञ | ९ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| ८ | ९००८/०८१-८२ | अन्तर तह | बरिष्ठ कृषि अर्थविज्ञ | ९ | प्रदेश कृषि/एगृ.इको. एण्ड मार्केटिङ | १ |
| ९ | ९००९/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ कृषि प्रसार अधिकृत | ९ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| १० | ९०१०/०८१-८२ | खुला | बरिष्ठ कृषि प्रसार अधिकृत | ९ | प्रदेश कृषि/कृषि प्रसार | १ |
| ११ | ९०११/०८१-८२ | अन्तर तह | बरिष्ठ बागवानी विकास अधिकृत | ९ | प्रदेश कृषि/वागवानी | १ |
| १२ | ९०१२/०८१-८२ | अन्तर तह | बरिष्ठ बाली संरक्षण अधिकृत | ९ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| १३ | ९०१३/०८१-८२ | खुला | बरिष्ठ वाली विकास अधिकृत | ९ | प्रदेश कृषि/बाली विकास | १ |
| १४ | ९०१४/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ वाली विकास अधिकृत | ९ | प्रदेश कृषि/बाली विकास | १ |
| १५ | ९०१५/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ माटो विज्ञ | ९ | प्रदेश कृषि/माटो विज्ञान | १ |
| १६ | ९०१६/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ पशु चिकित्सक | ९ | प्रदेश कृषि/भेटेरिनरी | १ |
| १७ | ९०१७/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ मत्स्य विकास अधिकृत | ९ | प्रदेश कृषि/मत्स्य | १ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १८ | ९०१८/०८१-८२ | आन्तरिक अन्तर सेवा | डिभिजनल वन अधिकृत | ९ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| १९ | ९०१९/०८१-८२ | आ.ज. | डिभिजनल वन अधिकृत | ९ | प्रदेश वन/जनरल फरेष्ट्री | १ |
| २० | ९०२०/०८१-८२ | खुला | कन्सल्टेण्ट जनरल फिजिसियन | ९ | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | १ |
| २१ | ९०२१/०८१-८२ | खुला | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ | प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | १ |
| २२ | ९०२२/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ स्वास्थ्य प्रशासक | ९ | प्रदेश स्वास्थ्य/प.हे.ए./ए.चि. | १ |
| २३ | ९०२३/०८१-८२ | खुला | बरिष्ठ स्वास्थ्य प्रशासक | ९ | प्रदेश स्वास्थ्य/प.हे.ए./ए.चि. | १ |
| २४ | ९०२४/०८१-८२ | आन्तरिक अन्तर सेवा | कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/प्याथोलोजी | १ |
| २५ | ९०२५/०८१-८२ | खुला | कन्सल्टेण्ट अब्सटेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | ९ | प्रदेश स्वास्थ्य/अब्सटेट्रिक्स तथा गाइनोकोलोजी | १ |
| २६ | ९०२६/०८१-८२ | आन्तरिक अन्तर सेवा | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | ९ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| २७ | ९०२७/०८१-८२ | खुला | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | ९ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |

**ख. अप्राविधक तर्फः**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | ९५०१/०८१-८२ | आन्तरिक अन्तर सेवा | उपसचिव वा सो सरह | ९ | प्रदेश प्रशासन | ७ |
| २ | ९५०२/०८१-८२ | अन्तर तह | उपसचिव वा सो सरह | ९ | प्रदेश प्रशासन | १ |
| ३ | ९५०३/०८१-८२ | खुला | उपसचिव वा सो सरह | ९ | प्रदेश प्रशासन | १ |

**परीक्षाको किसिमः-** लिखित, In Basket Exercise र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिक तर्फः**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | प्रदेश इन्जि., सिभिल, हाइवे | ९ | सि.डि.इ. | आन्तरिक अन्तर सेवा | २०८१/८/२९ दिनको १:०० बजे | २०८१/८/३० दिनको १:०० बजे |
| २. | प्रदेश इन्जि., सिभिल, हाइवे | ९ | सि.डि.इ. | खुला | २०८१/९/१ दिनको १:०० बजे | २०८१/९/२ दिनको १:०० बजे |
| ३. | प्रदेश इन्जि., सिभिल, स्यानिटरी | ९ | सि.डि.इ. | आन्तरिक अन्तर सेवा | २०८१/९/३ दिनको १:०० बजे | २०८१/९/४ दिनको १:०० बजे |
| ४. | प्रदेश इन्जि., सिभिल, स्यानिटरी | ९ | सि.डि.इ. | खुला | २०८१/९/५ दिनको १:०० बजे | २०८१/९/६ दिनको १:०० बजे |
| ५. | प्रदेश इन्जि., सिभिल, बिल्डिङ | ९ | सि.डि.इ. | आन्तरिक अन्तर सेवा | २०८१/९/७ दिनको १:०० बजे | २०८१/९/८ दिनको १:०० बजे |
| ६. | प्रदेश इन्जि., सिभिल, बिल्डिङ | ९ | सि.डि.इ. | खुला | २०८१/९/९ दिनको १:०० बजे | २०८१/९/१० दिनको १:०० बजे |

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| ७. | प्रदेश कृषि, एगृ.इको. एण्ड मार्केटिङ | ९ | बरिष्ठ कृषि अर्थविज्ञ | आन्तरिक अन्तर सेवा | २०८१/९/११ दिनको १:०० बजे | २०८१/९/१२ दिनको १:०० बजे |
| ८. | प्रदेश कृषि, एगृ.इको. एण्ड मार्केटिङ | ९ | बरिष्ठ कृषि अर्थविज्ञ | अन्तर तह | २०८१/९/१३ दिनको १:०० बजे | २०८१/९/१४ दिनको १:०० बजे |
| ९. | प्रदेश कृषि, कृषि प्रसार | ९ | बरिष्ठ कृषि प्रसार अधिकृत | आन्तरिक अन्तर सेवा | २०८१/९/१५ दिनको १:०० बजे | २०८१/९/१६ दिनको १:०० बजे |
| १०. | प्रदेश कृषि, कृषि प्रसार | ९ | बरिष्ठ कृषि प्रसार अधिकृत | खुला | २०८१/९/१७ दिनको १:०० बजे | २०८१/९/१८ दिनको १:०० बजे |
| ११. | प्रदेश कृषि, वागवानी | ९ | बरिष्ठ बागवानी विकास अधिकृत | अन्तर तह | २०८१/९/१९ दिनको १:०० बजे | २०८१/९/२० दिनको १:०० बजे |
| १२. | प्रदेश कृषि, बाली संरक्षण | ९ | बरिष्ठ बाली संरक्षण अधिकृत | अन्तर तह | २०८१/९/२१ दिनको १:०० बजे | २०८१/९/२२ दिनको १:०० बजे |
| १३. | प्रदेश कृषि, बाली विकास | ९ | बरिष्ठ वाली विकास अधिकृत | खुला | २०८१/९/२३ दिनको १:०० बजे | २०८१/९/२४ दिनको १:०० बजे |
| १४. | प्रदेश कृषि, बाली विकास | ९ | बरिष्ठ वाली विकास अधिकृत | आन्तरिक अन्तर सेवा | २०८१/९/२५ दिनको १:०० बजे | २०८१/९/२६ दिनको १:०० बजे |
| १५. | प्रदेश कृषि, माटो विज्ञान | ९ | बरिष्ठ माटो विज्ञ | आन्तरिक अन्तर सेवा | २०८१/९/२७ दिनको १:०० बजे | २०८१/९/२८ दिनको १:०० बजे |
| १६. | प्रदेश कृषि, भेटेरिनरी | ९ | बरिष्ठ पशु चिकित्सक | आन्तरिक अन्तर सेवा | २०८१/९/२९ दिनको १:०० बजे | २०८१/१०/१ दिनको १:०० बजे |
| १७. | प्रदेश कृषि, मत्स्य | ९ | बरिष्ठ मत्स्य विकास अधिकृत | आन्तरिक अन्तर सेवा | २०८१/१०/२ दिनको १:०० बजे | २०८१/१०/३ दिनको १:०० बजे |
| १८. | प्रदेश वन, जनरल फरेष्ट्री | ९ | डिभिजनल वन अधिकृत | आन्तरिक अन्तर सेवा | २०८१/१०/४ दिनको १:०० बजे | २०८१/१०/५ दिनको १:०० बजे |
| १९. | प्रदेश वन, जनरल फरेष्ट्री | ९ | डिभिजनल वन अधिकृत | खुला | २०८१/१०/६ दिनको १:०० बजे | २०८१/१०/७ दिनको १:०० बजे |
| २०. | प्रदेश स्वास्थ्य, मेडिसिन, जनरल मेडिसिन | ९ | कन्सल्टेण्ट जनरल फिजिसियन | खुला | २०८१/१०/१० दिनको १:०० बजे | २०८१/१०/११ दिनको १:०० बजे |
| २१. | प्रदेश स्वास्थ्य, पेडियाट्रिक्स/पेडियाट्रिक्स मेडिसिन | ९ | कन्सल्टेण्ट पेडियाट्रिसियन | खुला | २०८१/१०/१२ दिनको १:०० बजे | २०८१/१०/१३ दिनको १:०० बजे |
| २२. | प्रदेश स्वास्थ्य, प.हे.ए./ए.चि. | ९ | बरिष्ठ स्वास्थ्य प्रशासक | आन्तरिक अन्तर सेवा | २०८१/१०/१४ दिनको १:०० बजे | २०८१/१०/१५ दिनको १:०० बजे |
| २३. | प्रदेश स्वास्थ्य, प.हे.ए./ए.चि. | ९ | बरिष्ठ स्वास्थ्य प्रशासक | खुला | २०८१/१०/१६ दिनको १:०० बजे | २०८१/१०/१७ दिनको १:०० बजे |
| २४. | प्रदेश स्वास्थ्य, प्याथोलोजी | ९ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | आन्तरिक अन्तर सेवा | २०८१/१०/१८ दिनको १:०० बजे | २०८१/१०/१९ दिनको १:०० बजे |
| २५. | प्रदेश स्वास्थ्य, अब्सटेट्रिक्स तथा गाइनोकोलोजी | ९ | कन्सल्टेण्ट अब्सटेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट | खुला | २०८१/१०/२० दिनको १:०० बजे | २०८१/१०/२१ दिनको १:०० बजे |

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| २६. | प्रदेश स्वास्थ्य, हेल्थ एजुकेशन | ९ | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | आन्तरिक अन्तर सेवा | २०८१/१०/२२ दिनको १:०० बजे | २०८१/१०/२३ दिनको १:०० बजे |
| २७. | प्रदेश स्वास्थ्य, हेल्थ एजुकेशन | ९ | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | खुला | २०८१/१०/२४ दिनको १:०० बजे | २०८१/१०/२५ दिनको १:०० बजे |

**ख. अप्राविधिक तर्फः**

| क्र.सं. | सेवा/समूह/उपसमूह | तह | पद | किसिम | लिखित परीक्षा मिति र समय | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र | द्वितीय पत्र |
| १. | प्रदेश प्रशासन | ९ | उपसचिव वा सो सरह | आन्तरिक अन्तर सेवा | २०८१/१०/२६ दिनको १:०० बजे | २०८१/१०/२७ दिनको १:०० बजे |
| २. | प्रदेश प्रशासन | ९ | उपसचिव वा सो सरह | अन्तर तह/खुला | २०८१/१०/२८ दिनको १:०० बजे | २०८१/१०/२९ दिनको १:०० बजे |

**परीक्षा केन्द्रः-** प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| नवौं | रु. २०००।- | रु. ५००।- |

**दरखास्त दिने अन्तिम मितिः** - २०८१/६/२० गते र दोब्बर दस्तुर तिरी २०८१/६/२९ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोवार संकेत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैङ्कबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८१/६/३० गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिने छ।

**उम्मेदवारको उमेरको हदः-** २०८१/६/२० गतेसम्म २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

पेश गर्नुपर्ने कागजातहरुः- उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ ।सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ।
**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलवः- प्रचलित कानून बमोजिम।

## आवश्यक न्यूनतम योग्यताः

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृतस्तरको पदमा पाँच वर्ष वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्ग,

संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि चार वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

**अन्तर तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगिताको लागिः**

१. **सि.डि.इ., तह ९, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, हाइवे उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

२. **सि.डि.इ., तह ९, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

३. **सि.डि.इ., तह ९, प्रदेश इञ्जिनियरिङ सेवा, सिभिल समूह, वि.एण्ड आ. उपसमूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर वा सिभिल वा विल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा अर्वन प्लानिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

४. **बरिष्ठ कृषि अर्थविज्ञ, तह ९, प्रदेश कृषि सेवा, एगृ. इको. एण्ड मार्केटिङ समूहः** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट एग्री इकोनोमिक्स वा एग्री बिजनेस वा एग्री मार्केटिङ्ग वा एग्री फाइनान्स वा रिसोर्स इकोनोमिक्स मुख्य विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

५. **बरिष्ठ कृषि प्रसार अधिकृत, तह ९, प्रदेश कृषि सेवा, कृषि प्रसार समूहः** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

६. **बरिष्ठ वागवानी विकास अधिकृत, तह ९, कृषि सेवा, वागवानी समूहः** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट बागवानी विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

७. **बरिष्ठ वाली संरक्षण अधिकृत, तह ९, प्रदेश कृषि सेवा, बाली संरक्षण समूहः** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट किट विज्ञान वा बाली रोग विज्ञान वा बाली संरक्षण विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

८. **बरिष्ठ वाली विकास अधिकृत, तह ९, कृषि सेवा, बाली विकास समूहः** सातौं तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यताप्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

९. **अधिकृत, तह ९, प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन स्रोत सर्भेक्षण, भू तथा जलाधार व्यवस्थापन, वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन मध्ये कम्तीमा तीन मूल विषय लिई वन विज्ञानमा स्नातक तहको शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा

(२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

१०. **कन्सल्टेण्ट जनरल फिजिसियन, तह ९, प्रदेश स्वास्थ्य सेवा, मेडिसिन समूह, जनरल मेडिसिन उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

११. **कन्सल्टेण्ट पेडियाट्रिसियन, तह ९, प्रदेश स्वास्थ्य सेवा, पेडियाट्रिक्स समूह, पेडियाट्रिसक्स मेडिसिन उपसमूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१२. **स्वास्थ्य प्रशासक, तह ९, प्रदेश स्वास्थ्य सेवा, प.हे.ए./ए.चि.समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट एम.बि.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनस्वास्थ्य वा कम्युनिटी मेडिसिन विषयमा स्नातकोत्तर उपाधि प्राप्त वा मान्यताप्राप्त शिक्षण संस्थाबाट वि.ए.एम.एम.एस. विषय उत्तीर्ण गरी जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१३. **कन्सल्टेण्ट अब्सटेट्रिसियन एण्ड गाइनोकोलोजिष्ट, तह ९, प्रदेश स्वास्थ्य सेवा, अब्सटेट्रिक्स तथा गाइनोकोलोजी समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट गाइनोकोलोजि विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१४. **स्वास्थ्य शिक्षा प्रशासक, तह ९, प्रदेश स्वास्थ्य सेवा, हेल्थ एजुकेशन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षा विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायी परिषद्मा नाम दर्ता तथा नवीकरण भएको।

१५. **उपसचिव वा सो सरह, तह ९, प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरी प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (२) मा तोकिएको सेवा अवधि पूरा गरेको वा प्रदेश निजामती सेवा ऐनको दफा ८ को उपदफा (३) मा तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको।

## अन्तर तह परीक्षाको लागि थप सूचनाः

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (५) बमोजिम योग्यता पुगेको हुनुपर्नेछ।
२. प्रचलित कानून बमोजिम निलम्बन नभएको वा निलम्बन अवधि समाप्त भएको हुनु पर्नेछ।
३. प्रचलित कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का नभएको वा सो अवधि समाप्त भएको हुनु पर्नेछ।

## आन्तरिक अन्तर सेवा परीक्षाको लागि सूचना

१. नवौं तहको आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षामा प्रतिस्पर्धाका लागि सातौं तहबाट तह वृद्धि भई आठौं तहमा कार्यरत र पूर्ति हुने पदको सेवा, समूह र उपसमूहका लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।
२. प्रचलित कानून बमोजिम निलम्बन नभएको वा निलम्बन अवधि समाप्त भएको हुनु पर्नेछ।
३. प्रचलित कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का नभएको वा सो अवधि समाप्त भएको हुनु पर्नेछ।
४. ऐनको दफा ३१ बमोजिम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

## खुला तथा समावेशी परीक्षाको लागि सूचनाः

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ बमोजिम योग्य भएको हुनु पर्नेछ।
२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ।
३. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
४. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
५. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, In Basket Exercise र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र In Basket Exercise र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। In Basket Exercise र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उतीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
६. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमाः** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**द्रष्टव्यः**

**क) प्रदेश स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यवसायिक परिषद्‌मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनु पर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**घ) समान तहको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त स्वीकृत गरिने छैन (प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ बमोजिम)।**

ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपूगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले In Basket Exercise र अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवम् खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

ज) दरखास्त दिने अन्तिम मिति (२०८१/६/२० गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै बर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

झ) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ञ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।**

**ट) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरीसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरू छनौट गर्नु पर्नेछ।**

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ड) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ढ) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिने छ।